# गोठ/भकारो सुधार तथा मलमुत्र व्यवस्थापन कार्यविधि, २०७७

**प्रस्तावना :**

नेपालको संविधानको मर्म र भावना अनुरुप मिथिला नगरपालिका क्षेत्रका कृषकहरुलाइ गोठ/भकारो सुधार तथा मलमुत्र व्यवस्थापन कार्यक्रमहरु संचालन गर्दै "कृषकहरुलाई गोठ/भकारो सुधार तथा मलमुत्र व्यवस्थापन कार्यक्रम कार्य संचालन कार्यविधि, २०७७" भन्ने मुल नाराका साथ नगरपालिका क्षेत्रमा गोठ/भकारो सुधार तथा मलमुत्र व्यवस्थापन कार्यक्रमको थालनी गर्ने निर्देश नगरसभाको निर्णयबाट भए बमोजिम सो बिषेश कार्यक्रम तर्जुमा गरी संचालन गर्न बान्छनीय भएकाले स्थानिय सरकारका हैसियतले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (२) एवं नगरसभाले दिएको अधिकार भित्र रही "कृषकहरुलाई गोठ/भकारो सुधार तथा मलमुत्र व्यवस्थापन कार्यक्रम कार्य संचालन कार्यविधि, २०७७" कार्यक्रम सञ्चालन कार्यविधि २०७७ मिथिला नगरकार्यपालिकाको मिति २०७७।१२।.......... गते बसेको बैठकबाट स्वीकृति भई लागु गरिएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम "गोठ/भकारो सुधार तथा मलमुत्र व्यवस्थापन कार्यविधि, २०७७" रहेको छ ।
(२) यो कार्यबिधि मिथिला नगरपालिकाको क्षेत्र भरी लागु हुनेछ ।
(३) यो कार्यविधि यहि २०७७ साल चैत्र १ गते आईतबार देखि लागु हुनेछ ।

**२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-**

क) "प्रमुख" भन्नाले मिथिला नगर कार्यपालिकाको प्रमुख सम्झनुपर्छ ।
ख) "उप-प्रमुख" भन्नाले मिथिला नगर कार्यपालिकाको उप-प्रमुख सम्झनुपर्छ ।
ग) "कार्यपालिका" भन्नाले मिथिला नगर कार्यपालिका सम्झनुपर्छ।
घ) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले मिथिला नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृत सम्झनुपर्छ ।
ङ) "वडा कार्यालय भन्नाले मिथिला नगरपालिका अन्तर्गत रहेको वडा समितिको वडा कार्यालयलाई सम्झनु पर्नेछ ।
च) "नगरपालिका" भन्नाले मिथिला नगरपालिकालाई सम्झनुपर्छ ।
छ) "लाभग्राही भन्नाले" मिथिला नगर क्षेत्रमा पुश पालन गर्ने कृषकलाई सम्झनु पर्दछ ।
(ज) "आर्थिक ऐन" भन्नाले मिथिला नगरपालिकाको आर्थिक ऐन सम्झनु पर्दछ ।
(झ) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ सम्झनु पर्छ ।
(ञ)"नियमावली" भन्नाले मिथिला नगरको कार्य विभाजन तथा कार्य सम्पादन नियमावली लगायत नगर कार्यपालिकाबाट जारी नियमावलीहरु सम्झनु पर्छ ।
(ट) "प्रचलित कानुन" भन्नाले नेपाल सरकारको सार्बजनिक खरिद ऐन तथा नियमावली, नेपाल सरकारले समय समयमा जारी गरेका सम्बन्धित ऐन, नगर सभाले जारी गरेका ऐन, नियम, निर्देशिका तथा कार्यविधि समेत सम्झनु पर्छ ।
(ठ) "नगरसभा" भन्नाले नेपालको संविधानको धारा २१८ बमोजिमको सभा सम्झनु पर्छ ।
(ड) "कार्यविधी" भन्नाले नगरसभा तथा नगर कार्यपालिकाले तर्जुमा गरी जारी भएका विभिन्न कार्यविधि सम्झनु पर्छ ।
(ढ) "कार्यक्रम" भन्नाले "कृषकहरुलाई गोठ/भकारो सुधार तथा मलमुत्र व्यवस्थापन कार्यक्रम बुझ्नु पर्नेछ ।
(ण) "साझेदार" भन्नाले मिथिला नगरपालिकासंग भएको सम्झौता बमोजिम नगद जिन्सी एवं प्राविधिक सहयोग उपलव्ध गराउने द्विपक्षीय वा बहुपक्षीय दातृ निकाय / संस्था सम्झनु पर्छ ।
(त) "विनियोजन ऐन" भन्नाले मिथिला नगरपालिकाको विनियोजन ऐन सम्झनु पर्दछ ।
(थ) "बिषयगत शाखा" भन्नाले मिथिला नगरपालिका मातहतमा आएका बिषयगत शाखाहरु सम्झनु पर्दछ ।

**३. कार्यविधिको उद्देश्य : यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छ :**

- पशुका रोगहरुमा कमी ल्याई पुश पालनाको उत्पादन लागत घटाउन,मुलमुत्रमा भएका पोषण तत्वहरुको संरक्षण गर्न र हरितगृह ग्याँस उत्सर्जन कम गर्न समेत गोठ /भकारो सुधार र मल तथा मुत्रको उचित व्यस्थापन गरिनु जरुरी भएकोले मिथिला नगरपालिकाको पशु विकास शाखाकाने वार्षिक स्वहि कार्यक्रम अनुसार नगरपालिकाका व्यवसाय उन्मुख कृषकहरुलाई गोठ/भकारो सुधार तथा मुलमुत्र व्यवस्थापन कार्यक्रम संचालन गरिएको छ ।

## ४. कार्यविधीको कार्यक्षेत्र :

- यस कार्यविधीको कार्यक्षेत्र हाल कायम रहेको मिथिला नगरपालिकाको सम्पूर्ण क्षेत्रभर रहनेछ ।

## ५. सहभागी छनौट :

- यस नगरपालिकाका अन्तर्गतका व्यवसाय उन्मुख गाई/भैंसी पालिरहेका २ (दुई) वा २ (दुई) भन्दा वढी दुधालु गाई/भैंसी पाल्ने कृषकहरु मध्यबाट एक वडा .... जना वडा समितिद्धारा/नगरपालिकाध्दारा छनौट गरिने छ ।

## ६. कार्यक्रम संचालन तथा निर्णय प्रक्रिया र भुक्तानी प्रक्रिया कार्यन्वयन :

- छनौट भएका कृषकहरुले गोठ/भकारो सुधारको लागि कम्तीमा १५ वर्ग मि.गोठको भुँई सतह सिमेन्ट ढुङ्गाले ढलान गर्नुपर्ने छ ।
- मुत्र संकलनको लागि १.५ धन मिटरको खाल्टो वनाउनु पर्नेछ ।
- पानीको लागि ७५० लिटर पानीको ट्याकी राख्नु पर्नेछ ।
- माथि उल्लेखित काम सम्पन्न भएमा मुल्यांकन तथा अनुगमन र प्राविधक प्रतिवेदनको आधारमा नगरपालिकाबाट ५० (पचास) प्रतिशत अनुदानको रकम अनुसूचि १ वमोजिम भुक्तानी पाउने छ ।

## अनुसूचि : १

आ.व.२०७७।०७८ गोठ तथा भकारो सुधार र मलमुत्र व्यवस्थापन कार्यक्रममा आवश्यक पर्ने १५(प्रन्ध) वर्ग मिटर भुई सतह पक्की ढलान तथा ७५०(सात सय पचास) लिटर पानी ट्यांकी खरिद सहितको लागत अनुमान ।

| सि.न. | कार्य विवरण | इकाई | संख्या | दररेट | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | राज मिस्त्रि | जना | २ | १०००।०० | ३०००।०० | |
| २ | सिपालु श्रमिक | जना | ६ | ७००।०० | ४२००।०० | |
| ३ | वालुवा खस्रो | टेलर | १ | १०००।०० | १०००।०० | |
| ४ | गिट्टी(क्रेसर) | टेलर | १ | २८००।०० | २८००।०० | |
| ५ | ढुङ्गा(सोलिङ्ग) | टेलर | १ | ३०००।०० | ३०००।०० | |
| ६ | सिमेन्ट ओ.पि.सि. | वोरा | ६ | ७५०।०० | ४५००।०० | |
| ७ | पानी ट्यांकी(७५०लि) | थान | १ | ११५००।०० | ११५००।०० | |
| | कुल जम्मा | | | | ३००००।०० | |

## अनुसूचिः २

## स्थानीय स्तरमा कृषकहरुको गोठ तथा भकारो सुधार र मलमुत्र व्यवस्थापन कार्यक्रममा सहभागी हुन इच्छुक कृषकहरुले माग गर्ने निवेदनको ढाँचा

श्रीमान् .................................. ज्यू
मिथिला नगरपालिका,
..........................................,
............................., धनुषा ।

प्रस्तुत बिषयमा यस नगरपालिकाद्धारा संचालन गरिने गोठ/भकारो सुधार तथा मुलमुत्र व्यवस्थापन कार्यक्रममा सहभागी हुन इच्छुक भएकोले म आफ्नो घरमा पालन गरको पशुको विवरण तपसिलमा उल्लेख गरी यस कार्यक्रममा सहभागी गराई दिनु हुन अनुरोध छ ।

तपसिल

| सि.नं. | पशुको विवरण | पशु संख्या | उत्पादन | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |

**निवेदकः**
दस्तखत :
नामः
ठेगानाः

# अनुसूचि ३

## सम्झौता पत्रको नमुना

मिथिला नगरपालिका अन्तर्गत पशु विकास शाखा (पहिलो पक्ष मानिएको छ) र सहकार्य गर्ने व्यक्ति/संस्था (दोश्रो पक्ष मानिएको छ) विच तपसिलका शर्तहरुको अधिनमा रही गोठ/भकारो सुधार तथा मलमुत्र व्यवस्थापन कार्यक्रम संचालन गर्ने सम्बन्धमा यो सम्झौता पत्रमा सहि छाप गरी एक/एक प्रति लियौँ दियौँ ।

शर्तहरु :-

- स्वीकृत बार्षिक कार्यक्रम अनुसार प्रथम पक्षले गरेको आह्वान अनुसार छनौट भएका सदस्यहरुलाई दोश्रो पक्षले कार्यन्वयन गर्नु पर्ने छ ।
- कार्यक्रम संचालन गर्दा द्योश्रो प्क्षले गोठ सतह मुत्र व्यवस्थापन खाल्ने सम्पन्न गर्नुपर्ने छ।
- कार्यक्रम संचलान गर्ने स्थानको सुरुको फोटो,काम हुँदा हुदैको फोटो र अन्तिम कामको फोटो समेत पेश गर्नुपर्ने छ ।
- लागत अनुमान अनुसार काम गर्दा तोकिएको कार्यक्रम वजेटको ५०% प्रतिशत मात्र भुक्तानी दोश्रो पक्षले पाउने छ ।
- गोठ सफा राख्न पानी ट्याकी ७५० लिटर क्षमताको ट्याकी खरिद गर्नु पर्नेछ ।
- लागत अनुमान भन्दा बढी काम गरेमा थप रकम भुक्तानी हुने छैन ।
- प्रथम पक्षले कुनै पनि समयमा क्रियाकलाप कार्यान्वयनको अनुगमन गर्न सक्ने छ ।
- दोश्रो पक्षको योजना कार्यान्वयन प्रगति सन्तोषजनक नभएमा प्रथम पक्षले कुनै पनि वेला यो सम्झौता खारेज गर्न सक्ने छ ।
- कार्य सम्पन्न भएमा अनुगमान प्रतिवेदन र प्राविधि प्रतिवेदनको पश्चात ५०% प्रतिशत अनुदान रकम भुक्तानी हुनेछ ।

| प्रथम पक्ष | रोवहर | दोश्रो पक्ष |
|---|---|---|
| दस्तखत : | दस्तखत : | दस्तखत : |
| नाम : | नाम : | नाम : |
| पद : | पद : | पद : |
| कार्यालय : | कार्यालय : | कार्यालय : |

इति सम्वत २०७.....साल ..........गते रोज ....शुभम्

# अनुसूचि ४
## प्राविधिक प्रतिवेदन

१. गोठ/भकारोको सतहको ढलानको क्षेत्रफल : ......................।
२. ढलानको गुणस्तर :.....................................।
३. पानी ट्याकी खरिद भएको हो/होइन : .....................।
४. मुत्र व्यवस्थापन खाल्टो बनेको/ नबनेको : ....................।
५. मल व्यवस्थापन खाल्टो बनेको /नबनेको : ......................।
६. पशु संख्या :
   गाई : -
   भैंसी :-
   पाडा/पाडी/वाच्छा/वाच्छी : -
७. दोश्रो पक्षको नाम : -............................................।
   ठेगाना : - ..........................................।
८.मिति : -.........................................................।

# अनुसूचि ५
## अनुगमन प्रतिवेदन

१. सम्झौता अनुसार काम भएको छ/छैन ।................
२. समय भित्र काम गरको छ/छैन । ..................
३. कति लागत अनुमानको काम भएको हो । ...................
४. सम्बन्धि व्यक्ति हो /होइन । ....................